नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ६६३९४१३, ६६३९४१४
६६३९४१५, ६६३९४१६
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

पत्र संख्या :-
चलानी नं. :-

मिति २०७८।४।२८

विषय : चिकित्सा शिक्षातर्फ स्नातक तहका विभिन्न विषयको सिट सम्बन्धी जानकारी ।

चिकित्सा शिक्षा तर्फ स्नातक तहका विभिन्न विषयमा यस शैक्षिक सत्रमा तपसिल बमोजिम सिट संख्या रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

| क्र.स. | कार्यक्रम | कुल सिट | खुलातर्फ योग्यताक्रम अनुसारका सिट | विदेशीका लागि सिट | खुला प्रतियोगिताबाट कायम भएको योग्यता क्रमबाट छात्रवृति सिट (55%) | विभिन्न समुहको आरक्षित योग्यता क्रमबाट छात्रवृति सिट (45%) |
|---|---|---|---|---|---|---|
| 1 | B Perfusion Technology | 5 | 1 | 0 | 2 | 2 |
| 2 | BAMS | 80 | 14 | 6 | 33 | 27 |
| 3 | BASLP | 6 | 1 | 0 | 3 | 2 |
| 4 | BDS | 565 | 278 | 176 | 61 | 49 |
| 5 | BNS | 1355 | 566 | 315 | 249 | 204 |
| 6 | BNS(MID) | 70 | 18 | 12 | 22 | 18 |
| 7 | BOptometry | 67 | 17 | 10 | 22 | 18 |
| 8 | BPH | 1440 | 727 | 409 | 161 | 132 |
| 9 | BPharm | 882 | 433 | 248 | 111 | 90 |
| 10 | BPT | 150 | 77 | 45 | 15 | 13 |
| 11 | BSc Medical Biochemistry | 20 | 11 | 7 | 1 | 1 |
| 12 | BSc Medical Microbiology | 20 | 11 | 7 | 1 | 1 |
| 13 | BSc MIT | 71 | 25 | 17 | 16 | 13 |
| 14 | BSc MLT | 445 | 193 | 110 | 74 | 61 |
| 15 | BSc Nursing | 1240 | 535 | 333 | 194 | 158 |
| 16 | MBBS | 1835 | 829 | 540 | 229 | 188 |
| | **Grand Total** | **8251** | **3736** | **2235** | **1194** | **977** |

आरक्षण तर्फको ४५ प्रतिशत सिटलाई सतप्रतिशत मानी राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ कोनियम २० को उपनियम (२) (३) (४) (५) (६) (७) र (८) मा व्यवस्था भए बमोजिम तपसिलको प्रतिशतमा वितरण हुने व्यहोरा जानकारी गराइन्छ ।

(क) महिला - तेत्तीस प्रतिशत,
(ख) दलित - नौ प्रतिशत,
(ग) आदिवासी जनजाति - पन्ध्र प्रतिशत,
(घ) खस आर्य - सत्र प्रतिशत,

क्रमश :-

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

☎ ६६३९४१३, ६६३९४१४
६६३९४१५, ६६३९४१६
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

| | | |
|---|---|---|
| (ङ) | मधेशी | - बाह्र प्रतिशत, |
| (च) | थारू | - चार प्रतिशत, |
| (छ) | मुस्लिम | - दुई प्रतिशत, |
| (ज) | पिछडिएको क्षेत्रका व्यक्ति | - चार प्रतिशत |
| (झ) | अपाङ्गगता भएको व्यक्ति | - दुई प्रतिशत, |
| (ञ) | शहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित | - दुई प्रतिशत, |

१.महिलाका लागि छुट्याइएको तेत्तीस प्रतिशत सिटमध्ये तीन प्रतिशत सिट दलित समुदायका महिला र दुई प्रतिशत सिट मुस्लिम समुदायका महिलाका लागि छुट्याइनेछ ।

२.मधेशी समुदायका लागि छुट्याइने बाह्र प्रतिशत सिटमध्ये तीन प्रतिशत मधेशी दलित समुदायका व्यक्तिलाई छुट्याइनेछ।

३ आरक्षण गरिएको सिटमा सामुदायिक विद्यालयबाट कक्षा छदेखि माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा (एसईई) उत्तीर्ण गरेका उम्मेदवार नभएमा नेपालभित्रका अन्य विद्यालयबाट माध्यमिक तहको कक्षा दशको अन्त्यमा हुने परीक्षा उत्तीर्ण गरेका सोही समुदायका उम्मेदवारलाई छनौट गरिनेछ।

(४) दलित समुदायका महिला र मुस्लिम समुदायका महिलाको लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका महिला उपलब्ध नभएमा त्यस्तो सिटमा अन्य समुदायका महिलालाई छनौट गरिनेछ ।

(५) मधेशी दलित समुदायको लागि छुट्याइएको सिटमा सम्बन्धित समुदायका व्यक्तिहरु उपलब्ध नभएमा त्यस्तो सिटमा मधेशी समुदायका अन्य व्यक्तिलाई छनौट गरिनेछ।

(६) यस नियम बमोजिम प्रतिशत निर्धारण गर्दा दशमलव पछि अङ्क आएमा देहाय बमोजिम गरिनेछ :-

(क) दशमलव भन्दा पछि आएको अङ्क मध्ये सबैभन्दा बढी अङ्क ल्याउनेलाई एक सिट थप गर्ने,

(ख) दशमलव पछिको अङ्क बराबर भएमा साधारण योग्यता क्रममा अगाडि रहेको उम्मेदवार भएको समुदायलाई एक सिट थप गर्ने।

<u>उदाहरणको लागि</u>: प्रतिशत निर्धारण गर्दा महिला तर्फ ५.५ प्रतिशत र अपाङ्गतर्फ ५.२ प्रतिशत हुन आएमा महिलातर्फ ६ सिट र अपाङ्गतर्फ ५ सिट कायम गरिनेछ । महिला तर्फ ५.५ प्रतिशत र अपाङ्गतर्फ ५.५ प्रतिशत हुन आएमा खुला योग्यताक्रममा जुन समुदायको व्यक्तिको नाम अगाडि रहेको छ, सोही समुदायका लागि एक सिट थप गरिनेछ।